२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-

क) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले अन्तिम मितिको २ दिनभित्र परीक्षा आवेदन फारमको बैंक भौचर सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खूमा बुझाउनु पर्नेछ र उपत्यका बाहिरका क्याम्पसहरुले उक्त बैंक भौचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फारम सहित प.नि.का.बल्खुमा र क्षे.प.नि.का.को हकमा सम्वन्धित क्षे.प.नि.का.मा बुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझउनु पर्नेछ ।

३) परीक्षा शुल्क सम्वन्धमा:-

| | |
|---|---|
| क) नियमित/आँशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ४७०/- |
| ख) प्राइभेट आँशिक परीक्षा आवेदन फारम शुल्क | रु ९००/- |
| ख) परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| घ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| ङ) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा | रु २७५/- |

४) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:

क) काठ्माण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई. बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारमका साथ अनिवार्य रुपमा बुझउनु पर्नेछ ।

ख) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा रकम बुझाएको

**त्रिभुवन विश्वविद्यालय**

**परीक्षा नियन्त्रण कार्यालय,बल्खु**

**४ वर्षे स्नातक तह बि.ए. ,बि.बि.एस. ,बि.एड. दोस्रो बर्षको नियमित/आंशिक तथा ३ वर्षे बि.ए. आंशिक र प्राइभेट आंशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्नेसूचना**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७९ को २०८० सालमा सचांलन हुने ४ वर्षे स्नातक तह बि.बि.एस., बि.एड., बि.एस्सी र बि.ए. दोस्रो वर्षको परीक्षा दिने नियमित,आंशिक तथा ३ वर्षे बि.ए.दोस्रो बर्षको आंशिक र प्राइभेट आंशिक परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पसमा मिति २०८० साल जेष्ठ १० गते देखि २०८० साल असार ८ गेत सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्बर दस्तुर सहित परीक्षा आवेदन फारम भरि बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) परीक्षा आवेदन फारम सम्बन्धमा :-

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्याइ आफैले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ। यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन।

ख) ४ वर्षे स्नातक तह २०७१ सालमा भर्ना भइ २०७२ मा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुका लागि र ३ वर्षे बि.ए.का परीक्षार्थीहरुको हकमा २०७२ सालमा भर्ना भई २०७३ सालमा प्रथम पटक प्रथम बर्षको परीक्षा दिएकाहरुकोलागि यो अन्तिम पटकको परीक्षा हुनेछ।

ग) नियमित बाहेक सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ।